दशौं नगर सभा तथा छैठौं बजेट अधिवेशनमा प्रस्तुत

# आ.ब.२०७९।०८० को बार्षिक नीति तथा कार्यक्रम

लालीगुराँस नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, तेह्रथुम

प्रदेश नं १, नेपाल

## लालीगुराँस नगरपालिका, बसन्तपुर, तेह्रथुमका नगर प्रमुख श्री अर्जुन माबोहाङद्वारा दशौं नगर सभा तथा छैठौं बजेट अधिवेशनमा प्रस्तुत

## आ.ब.२०७९।०८० को बार्षिक नीति, कार्यक्रम तथा बजेट

## मिति २०७९।०३।१० गते शुक्रवार

यस गरिमामय दशौं नगर सभा तथा छैठौं बजेट अधिवेशनमा उपस्थित हुनु भएका नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्यहरु, नगरसभाका सदस्यज्यूहरु, बिभिन्न राजनैतिक दलका नगर स्थित प्रमुख तथा प्रतिनिधिहरु नगरपालिका स्थित विभिन्न कार्यालयहरु तथा संघ/संस्थाका प्रमुख तथा प्रतिनिधि, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, नगरबासी आमा-बुबा, दिदी-वहिनी, दाजु-भाइहरु, उपस्थित कर्मचारीहरु, पत्रकार मित्रहरु

आज हामी लालीगुराँस नगरपालिकाको दशौं नगर सभा तथा छैठौं बजेट अधिवेशन समारोहमा उपस्थित भएका छौ । सर्वप्रथम यस पावन अवसरमा मुलुकमा प्रजातन्त्र, लोकतन्त्र तथा संघीय गणतन्त्र प्राप्तिका लागि जीवन आहुति दिनुहुने ज्ञात-अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यस सम्मानित सभा समक्ष नगरपालिकाले अवलम्वन तथा सञ्चालन गरिरहेका नीति कार्यक्रमहरु संक्षेपीकिण तथा आगामी आ.व. ०७९/८० मा यस नगरपालिकाले अनुसरण तथा सम्पादन गर्ने नीति कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु ।

**उपस्थित नगरसभा सदस्य ज्यूहरु !**

यो नीति कार्यक्रम तयार पार्दा लालीगुराँस नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक, पर्यटकीय एवम् भौगोलिक अवस्थितिका आधारमा पूर्वाधार विकासलाई उच्चतम महत्व दिँदै नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, प्रचलित अन्य काननुहरु, दीगो विकास लक्ष, विद्वत वर्ग, विषय विज्ञ तथा सहकर्मी मित्रहरुको राय सल्लाह र गएको ५ बर्षको कार्यकालमा आफूले कार्यसम्पादन गरिरहँदाका अनभुवहरु समेतलाइ आधार मानेको छु । यो नीति तथा कार्यक्रमले **"लालीगुराँस नगरपालिकाको समृद्धता : प्राङ्गारिक कृषि, पर्या-पर्यटन र शिक्षा-स्वास्थ्यमा समानता"** भन्ने मूल दृष्टिकोण कायम गरेको छ । यही दृष्टिकोणमा केन्द्रित रहेर आगामी आ.व. को बार्षिक विकास योजना तयार गरिने छ ।

संस्थागत क्षमता, कानून तर्जुमा र कार्यान्वयन, विकास निर्माण, सेवा प्रवाह र कोरोना महामारी व्यवस्थापन लगायतमा यस नगरको स्थानीय सरकारले विगत पाँच बर्षमा गरेका कार्यहरु संक्षिप्त रुपमा प्रस्तुत गरेका छौं । जस अनुरुप-

**१. शिक्षा क्षेत्रमा भौतिक सुधार तथा सकरात्मक परिवर्तन हरु भएका छन**

- यस नगरपालिका भित्र रहेका सामुदायीक विद्यालयहरुमा कम्प्यूटर ,प्रिन्टर तथा अन्य ICT सामग्रीहरु वितरण गरिएको छ ।फलस्वरुप माध्यमिक विद्यालयहरुमा कम्प्युटर ल्याव समेत स्थापना भएका छन् ।
- विद्यार्थी संख्याका आधारमा दुई कोठे ,चार कोठे भवन र शौचालय निर्माण गरिएको छ । जलकन्या मा.वि.मा शौचालय , जालपा देवी आ.वि. मा २ कोठे भवन , भगिमा आ.वि. मा दुई कोठे भवन तथा शौचालय ,सिंहदेवी आ.वि मा दुई कोठे भवन र खेल मैदान निर्माण गरिएको छ । साथै जलकन्या मा.वि मा चार कोठे भवन, कालीका मा.वि. मा चार कोठे भवन र बसन्त मा.वि. मा नमुना विद्यालय अन्तरगत भवन निर्माणाधिन अवस्थामा छन् ।
- नगरको अनुदानमा श्री मान स्मारक शिक्षा निकेतन मा.वि. ला.न.पा. ३ मा कक्षा ११ र १२ मा विज्ञान विषयको अध्ययन अध्यायपन गर्ने कार्य प्रारम्भ भएको छ ।
- वडा नं ६ को खाल्लेमा समुदायमा आधारित वाल बिकास केन्द्र स्थापना गरिएको छ ।
- गुणस्तरिय शिक्षाका लागि सबै सामुदायीक विद्यालयमा एक एक जना अंग्रेजी शिक्षकको ब्यवस्था गरिएको छ ।
- नगरका माध्यमिक विद्यालयहरुमा स्मार्ट कक्षा (Smart Class) को सुरुवात भएको छ ।

## २. सबै वडा कार्यलय र बस्ति सम्म पुग्ने बाह्रै महिना सञ्चालन हुने ग्रामिण सडक निर्माण भएका छन

दारे गौडा दाँगपा सडक सोलिङ, फारम हुदै वडा कार्यलय सिंथापा सडक निर्माण, सिंहवाहीनी मा.वि. हुदै सिरिसे सडक निर्माण, छाँगेसेवा सडक निर्माण, छाँगे मनकामना सडक निर्माण, ढुङ्गे मनकामना सडक निर्माण, सिंथापा लम्बूखोला सडक निर्माण, गल्लामोड प्यांखरे सडक निर्माण, काँडे देखी चौतारा चियाबगान सडक निर्माण, ढाँडे-सुजेपु सडक निर्माण, तेजेन्द्र चोक-ढाँडे सडक निर्माण, वसन्तपुर केवुक सडक निर्माण, केवुक सुङ्नाम जोड्ने सडक निर्माण, केवुक नेभाङ्ग जोड्ने सडक निर्माण, जनता आ.वि. चम्फुला सडक निर्माण, फुलेक देखि मादले सडक निर्माण र वडा कार्यालय देखि फुलेक तल्लो वस्ती सडक निर्माण कार्य गरिएको छ । फलस्वरुप नगरबासीहरुलाई नगरपालिका भित्र आवागमनमा सहजता भएको छ ।

## ३. भौतिक पूर्वाधार तथा वस्ति बिकास

- ब्याकहोलोडर, डोजर ,एम्बुलेन्स, नगर बस ,दुध ढुवानिको लागि ट्याक्टर र फोहोर मैला संकलन गर्ने ट्याक्टर र दमकल नगरपालिकाको आफ्नै सम्पतिको रुपमा रहेका छन ।
- वडा नं ५ मा निवर्तमान वडा सदस्य स्व.डम्बर बहादुर लिम्बूको शालिक निर्माण गरिएको छ ।
- नयाँ शहर परियोजना संग सहकार्य गरी फोहोरमैला व्यबस्थापनको लागि डम्पिङ साईड निर्माणाधिन अवस्थामा छ ।
- भूमुहिन ,सुकुम्वासी तथा अव्यबस्थित बसोबास समस्या समाधान गर्न लगत संकलन कार्य सम्पन्न गरि निस्सा वितरण कार्य प्रक्रियामा रहेको छ ।
- फुसको छानो विस्तापन कार्यक्रम कार्यान्वयनमा ल्याईएको छ ।

## ४. स्वास्थ्य क्षेत्रमा सुधार

- प्राथमिक स्वास्थ्य केन्द्रमा डिजिटल X-Ray सेवा, आँखा उपचार केन्द्र स्थापना , इ.सि.जी सेवा र ल्यावको स्तरोन्नती गरिएको छ ।
- नगरको वडा नं. १ को नेभाङ्ग, वडा नं ३ को मुसाबखेल, वडा नं. ७ को लसुने र वडा नं ९ को काँडे पुरुन्दिनमा आधारभुत स्वास्थ्यकेन्द्र स्थापना गरी अ.हे.ब बाट हुने सेवा प्रदान गरिएको छ ।
- वडा नं. २ केबुकमा आधारभुत स्वास्थ्य इकाई निर्माण गरि सेवा प्रदान गरिएको छ ।
- वडा नं. २ बसन्तपुरमा नागरिक आरोग्यता सेवाकेन्द्र स्थापना गरिएको छ ।
- वडा र स्वास्थ्य चौकीहरुमा निःशुल्क अक्सिजनको सेवा प्रदान गरिएको छ ।
- स्त्री रोग तथा छाला रोग निदानको लागि समय समयमा शिविरहरु सञ्चालन गरिएको छ ।
- दाँगपा स्वास्थ्य चौकी भवन र वडा नं ६ मा स्वस्थ्य चौकी भवन निर्माण गरिएको छ।

## ५. खानेपानी तथा सिंचाई

- खानेपानिको सहज ब्यवस्थापन हुन नसकेका वस्तिहरुमा खानेपानिको आयोजना सञ्चालन गरिएको छ। जसअनुरुप ( मुसांखेल खानेपानी ,पिङ्वा हात्तीआहाल खानेपानी ,सुङ्नाम खानेपानी ,फुलेक ,दाँगपा खानेपानी खानेपानिको आयोजना सञ्चालन भएका छन् ।
- साना सिंचाई कार्यक्रम मार्फत बमोजिम कुलो वडा नं. ३, परेवा खोला सुबेदी कुलो वडा नं. ५, ढाँड खोला विसाउनी सिंचाई, सिमे डाडा सिंचाई , डढुवा सिंचाई वडा नं ७ , खोपीबारी सिंचाई योजना वडा नं. १, तिम्बुङ खोला सिंचाई वडा नं . ३ , परेवा खोला आलुवारी सिंचाई वडा नं ५ ,छिपुवा खोला झगडिया सिंचाई वडा नं ५, छिपुवा खोला मुसेकुलो वडा नं.५ निर्माण गरिएको छ ।

## ६. कृषि क्षेत्रमा लगानी

- फुलेक, मुसांबखेल, डाडाखर्क, नेभाङ, मंगलबारे र दाँगपामा कृषकहरुका लागि दुग्ध चिस्याउने चिलिङभ्याट वितरण गरिएको छ ।
- कृषकहरुका लागि विभिन्न फलफुलका विरुवा वितरण तथा मह निर्माण गरी आर्थिक एवम प्राविधिक सहयोग प्रदान गरिएको छ ।

- तरकारी खेतीको लागि कृषकहरुलाई पाइप वितरण गरिएको छ। बेमौसमी तरकारी खेतीको लागि टनेल वितरण गरिएको छ । कृषकलाई कृषि औजार (हाते ट्राक्टर, च्यापकटर मेशिन) वितरण गरिएको छ । कृषि विकास गुरुयोजना निर्माण भएको छ ।

**७. पर्यटन**

- पर्यटन प्रवर्धन गर्ने उदेश्यले स्थापित चोलुङ्ग पार्क तथा युमा संग्राहलय स्थानिय तथा वाह्य पर्यटकको प्रमुख गन्तव्य बन्न पुगेको छ जसले गर्दा बसन्तपुरको चिनारी झल्केको छ ।
- आर.आर. गार्डेन लाई स्तरोन्नती गरिएको छ ।
- वडा नं ७ मा पात्ले पोखरी संरक्षण कार्य भएको छ ।
- शिवाजी तिन छाँगे झरना र अख्खई झरनालाई पर्यटकिय हवको रुपमा बिस्तार गर्ने कार्य प्रारम्भ भएको छ ।

**८. धर्म संस्कार संस्कृतिको संरक्षण र संवर्धन**

- धर्म संस्कृतीको विकासका लागि लालीगुराँस नगरपालिका वडा नं. ५ मा मनकामना मन्दिर स्थापना भएको छ ।
- यस नगरभित्र रहेका जातीहरु लिम्बू, गुरुङ्ग, राई ,तामाङ्ग, बाहुन, क्षेत्रीहरुको पाश्वचित्र निर्माण गरिएको छ ।
- लोप हुन लागेको धर्म संस्कृती र संस्कारको संरक्षणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ ।
- धार्मिक तथा सांस्कृतिक मेला महोत्सव सञ्चालन भएको छ । जसले गर्दा पर्यटनको क्षेत्रमा महत्वपुर्ण टेवा पुगेको छ।
- वडा नं ८ मा मालुङ पालुङ मन्दिर निर्माण गरिएको छ ।

**९. सेवा प्रवाह, सुशासन तथा सूचना प्रविधि**

- नगरबासिहरुलाई सहुलियत दरमा नगर बसको सेवा सञ्चालनमा रहेको छ ।
- नगरबासिहरुलाई सहुलियत दरमा एम्बुलेन्स सेवा सञ्चालनमा रहेको छ ।
- भ्रष्टचारमुक्त नगरको रुपमा परिचित गराएको ।
- न्याय सम्पादनका लागि वडा वडा मा मेलमिलाप कर्ताको स्थापना गरिएको छ ।
- मालपोत तथा भुमिकर तिर्ने सेवा वडा कार्यलयवाटनै प्रदान गरिएको छ ।
- डिजिटल प्रविधिमा आधारित भएर स्थानीय सरकारका सेवा सञ्चालन, वित्तीय कारोवार, कर भुक्तानी सेवा तथा सामाजिक सञ्जालका माध्यमवाट सूचना तथा जानकारी प्रवाह गर्ने क्रम व्यापक रुपमा बढेको छ ।
- आन्तरिक आय वढाउनका लागि आगामी आ.व. वाट कार्यान्वयनमा आउने गरी राजस्व सुधार योजना निर्माण भएको छ ।
- नागरिकले नगरपालिकाको कार्यालयवाट बिना ढिलासुस्ति सहज रुपमा सेवा लिने गरेका छन् ।
- यस नगर क्षेत्र भित्र रहेका सम्पुर्ण वडामाध्यमिक बिध्यालय र स्वस्थ्य चौकिहरुमा अप्टिकल फाईबर मार्फत ईन्टरनेटको सेवा पुर्याइएको छ।

**१०. सामाजिक सुरक्षा**

- बिपन्न र दिर्घ रोगीहरुका लागि आर्थीक सहयोग प्रदान गरिएको छ ।
- असक्त असाहाय र अपाङ्गहरुलाई परिचय पत्र वितरण गरिएको छ ।
- बैंक मार्फत सामाजिक सुरक्षा भत्ता दिलाउन सहजिकरण गरिएको छ ।

**११. विपद व्यबस्थापन**

- कोभिडको महामारी फैलिएको बेला वडा वडा र बस्तिमा गई निःशुल्क स्वास्थ्य परिक्षण गरी निःशुल्क उपचार तथा निः शुल्क एम्बुलेन्स सेवा प्रदान गरियो ।

- विपद जोखिमको विश्लेषण तथा मूल्याङ्कन, रोकथाम, हुनसक्ने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा हुने विपद जोखिमलाई कम गर्ने नीति, रणनीति र कार्ययोजना तयार गरी कार्यान्वयन भएको छ ।
- नगरपालिका क्षेत्र भित्र बन्ने घरहरुलाई भूकम्प थेग्न सक्ने किसिमले निर्माण गर्नका लागि भूकम्प प्रतिरोधी घरनिर्माणका लागि सचेतना कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

**नगर सभासदज्यूहरु,**

अब म नगरपालिकाको दूरदृष्टि, लक्ष्य तथा उद्देश्यहरु र सो प्राप्त गर्नका लागि अपनाउनु पर्ने प्रमुख नीति, रणनीति, बार्षिक विकास कार्यक्रमक तथा बजेटबारे संक्षेपमा विस्तार गर्न अनुमति चाहन्छु ।

लालीगुराँस नगरपालिकाको दुरदृष्टि, लक्ष्य, रणनीतिहरु यस प्रकार रहेका छन्:

**दूरदृष्टि (Vision)**

**“लालीगुराँस नगरपालिकाको समृद्धता : प्राङ्गारिक कृषि, पर्या-पर्यटन र शिक्षा-स्वास्थ्यमा समानता”**

**लक्ष्य (Mission)**

**“नगरपालिकाका विषयक्षेत्रगत नीतिहरुलाई मार्गदर्शकको रुपमा आत्मसाथ गर्दै "लालीगुराँस नगर विकासको मोड्यूल" ले निर्देशित गरे अनुसारका कृयाकलापहरु सञ्चालन गरी नगरबासीलाई स्थानीय सरकारको प्रत्याभूति दिने ।”**

**रणनीति (Strategy)**

**“पूर्ण साक्षरता, व्यवसायिक जनशक्ति, सुसंस्कृत नागरिक समाज, नगरको समृद्धिमा सरोकार पक्षहरुबीच सहकार्य र युवाशक्ति परिचालन ।”**

संघ, प्रदेश र स्थानीय तहका आवधिक विकास योजना बीचको अन्तरसम्बन्ध कायम गर्न, लालीगुराँस नगरपालिकाले आवधिक विकास योजनामा आफ्ना क्षेत्रको समष्टिगत विकासका लागि अवलम्बन गर्ने लक्ष्य, उद्देश्य, रणनीति र योजना तर्जुमाका लागि समावेश हुनुपर्ने आवश्यक प्राविधिक विषयवस्तु स्पष्ट पार्न र सहभागितामूलक योजना पद्धतिलाई नगरपालिकामा संस्थागत गर्दै आवधिक विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा सहयोग पुऱ्याउने उद्देश्य हाँसिल गर्नका लागि निम्नानुसारका क्षेत्रगत र विषयगत नीति तथा कार्यक्रमहरू प्राथमिकता क्रममा तयार गरिएका छन्।

- खाद्यान्नमा आत्मनिर्भरता अभिबृद्धि गर्ने र आयात घटाउने
- कृषि तथा पशु सेवाको व्यवसायीकरण र बजारीकरण मार्फत रोजगारीका अवसरमा बृद्धि
- सडक एवम् पूर्वाधार निर्माण र स्तरोन्नति
- दिगो पर्यटन विकास र पर्यटन व्यवसायलाई नागरिकहरुको आर्थिक उपार्जनसँग आवद्ध गर्ने ।
- सेवा प्रवाहमा प्रभावकारीताका लागि मानव श्रोत विकास, परिचालन र सूचना प्रविधिको उच्चतम प्रयोग ।
- बैकल्पिक उर्जामा जोड ।
- सुशासन र समावेशीकरणमा जोड
- सबै टोल र वस्तिहरुमा इन्टरनेटको पहुँच पुर्याउने
- स्वास्थ्य सेवालाई जनमुखि बनाइने
- राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु सँग सामाजिक, आर्थिक, भौतिक विकास निर्माणमा समन्वय र साझेदारी

**नीतिहरुः**

**१. <u>व्यवसायिक कृषि, पशुपालन तथा सिंचाईः</u>**

- व्यवसायिक खेति गर्ने किसानहरुको प्रोत्साहनका लागि विभिन्न पेशामा संलग्न कृषकहरुको बर्गीकरण गरी किसान परिचयपत्रको ब्यबस्था गरिने छ । किसान परिचय पत्रका आधारमा कृषक प्रोत्साहन कार्यक्रम संचालन गरिने छ । यस्तो प्रोत्साहन कार्यक्रममा मल, बीऊ, कीटनाशक औषधी, प्लाष्टिक पोखरी, टनेल, कृषि तथा पशु सेवा विज्ञको परामर्श सेवा, अवलोकन भ्रमण लगायत नगर कार्यपालिकाले तोकेका कार्यहरु गरिने छ ।
- कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालयबाट संचालित फलफुल दशक २०७५-२०८४ लाई अंगाल्दै नगरले फलफुल खेती विस्तारका लागि अनुदानमा ठाँउ सुहाउदो बर्षे फलफुल (लिचि/आँप), हिउदे फलफूल (किवि) को विरुवा वितरण गरिने छ ।
- नगरपालिकाले सार्वजनिक ऐलानी पर्ति जग्गा वा उपयुक्त जग्गा भाडामा लिएर सुन्तला, कागती, एभोकार्डो लगायतका बिरुवाहरुको नर्सरी तयार गरी उचित मूल्यमा कृषकहरुलाई उपलव्ध गराउने छ ।
- वडास्तर तथा नगरस्तरमा फलफूल, तरकारी खाद्यान्नवाली र पशुपन्छी प्रदर्शनी सञ्चालन गरी कृषकहरुलाई परस्पर प्रतिस्पर्धी वनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- कृषिको उत्पादकत्व वृद्धिमा सहयोग पुर्याउन विपन्न एवम् जोखिममा परेका कृषकहरुको ज्ञान, सीप र क्षमता विकास सम्वन्धी तालिमको व्यवस्था गरिनुका साथै छिमेकी जिल्लाहरुमा सञ्चालित कृषि पकेट क्षेत्रहरुमा अध्ययन अवलोकन भ्रमण समेतको व्यवस्था मिलाइने छ ।
- नगरपालिका क्षेत्र भित्रका वजार केन्द्रहरुमा कृषि उत्पादन संकलन केन्द्र निर्माण गर्ने र नेपाल सरकार, प्रदेश सरकार, लालीगुराँस नगरपालिका तथा सरोकारवाला कृषकसमेतको लागत सहभागितामा आधारित चिस्यान केन्द्र(**Cold Storage Center**) निर्माण गर्ने नीति लिइने छ । ।
- तरकारी, फलफूल,नगदे बाली, जडिवुटी र खाद्यान्न वालीहरुको सम्भावाना भएका स्थानहरुमा संभाव्यता अध्ययनको आधारमा पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।
- बेरोजगार युवा पुस्तालाई कृषि उत्पादन तर्फ प्रेरित गरिने छ । यसवाट स्वरोजगार सृजना भई वैदेशिक रोजगारीबाट फर्किएका तथा जाने सोचमा रहेका युवाहरुलाई स्वदेशमा नै उद्यमका अवसरहरु जुटाउने नीति लिइने छ ।
- नगरपालिकामा एक उपयुक्त क्षेत्र छनौट गरि नमूनाको रुपमा एक घाँस वाली श्रोत केन्द्रको स्थापना गर्न प्रोत्साहित गरिने छ । यसकालागि आवश्यक प्रविधि, सीप र श्रोत व्यवस्थापनमा विषयगत कार्यालयसंग साझेदारीको नीति अवलम्वन गरिने छ ।
- नगरपालिकालाई कुखुराको मासु तथा अण्डामा आत्मनिर्भर बनाउन साना किसान लक्षित कुखुरा पालन कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- वाखा र बंगुरपालन पेशालाई व्यवसायीकरण गर्न उन्नत जातको वीउवोका, विर खरिद गरि नश्ल सुधारको कार्यक्रम सञ्चालन गर्ने तथा हिउदे वर्षे घाँसको सहज उपलब्धतालाई ध्यानमा राखि कृषि तथा पशुसेवा इकाई, कृषि ज्ञान केन्द्रको प्राविधिक सहयोगमार्फत उन्नत जातको घाँसरोपण कार्यका लागि अभिप्रेरित गर्न कार्यक्रम सञ्चालन गरिने छ । साथै यस आ.व. देखी खसी वोका आत्मनिर्भर कार्यक्रम सञ्चालन गरिने छ ।
- गाई भैंसिको दूध उत्पादनलाई बृद्धि गरी जीवनस्तर उकास्न गाई/भैसी पालन प्याकेज कार्यक्रम संचालन गरिने छ।
- दुधको उत्पादन बढाई आत्मनिर्भर गराउनका लागि स्वच्छ दूध उत्पादन तथा विक्रि वितरण गर्न प्रोत्साहित गरिने छ । सोका लागि चिस्यान केन्द्रहरुको स्थापना गर्ने र उत्पादित वस्तुको सहज बजारसम्म पहुच पुर्याउन आवश्यक समन्वय गरिने छ ।
- लालीगुराँस नगरपालिका भरी माटो परीक्षण गरी विज्ञको सिफारिस वमोजिम माटो उपचार तथा माटो सुहाउँदो क्षेत्रमा परम्परागत खाद्यबालीहरु फापर, जुनेलो, बदाम, तील, रुद्राक्ष, किवी ,कागती, सुन्तला, एभोकार्डो ड्रागन फुडलगायतको खेती गर्न प्रोत्साहित गरिने छ । अगुवा कृषकहरु र विज्ञसँग परामर्श गरी केही खाद्यान्न तथा नगदेबालीको बीउ खरिद र भण्डारण गरी वितरण गरिने छ ।

- पशुको कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार गरी दुध तथा मासु उत्पादनमा बृद्धि गर्ने कार्यक्रमको सम्भावना अध्ययन गरिने छ । सो प्रतिवेदनका आधारमा आगामी दिनका लागि कार्ययोजना वनाई लागु गरिने छ ।
- विभिन्न रोगहरुवाट हुने पशुधनको क्षति लाई न्यूनीकरण गर्न रोगहरुको पहिचान र उपचारको व्यवस्था मिलाइने नीति छ । त्यसको लागि पशुसेवाका बिज्ञ प्राविधिकहरु लाई गाउँमा नै उपचार गर्न खटाउने व्यवस्थालाई प्रभावकारी वनाइने छ ।
- पशु विमा कार्यक्रमलाई सार्थक र प्रभावकारी वनाउने नीति लिइने छ ।
- पशुसंकलन केन्द्र, पशुबजार लगायतको व्यवस्थापन र भौतिक पूर्वाधार निर्माण कार्यका लागि सरोकार निकायहरुसँग साझेदारी गर्ने नीति अवलम्बन गरिने छ ।
- बाली वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- व्यवसायिक रुपमा तरकारी खेती गर्ने तथा पशुपालन गर्ने किसानहरुको सहजीकरणकालागि अधिकृत स्तरका अनुभवी १/१ जना कृषि तथा पशु सेवा विज्ञ व्यक्ति करार सेवामा लिइने छ ।
- नगरपालिका भित्र जग्गा बाँझो राख्न नदिने नीति अख्तियार गरिने छ । बाझो जग्गा आवाद गर्नेलाई नगरपालिकाले मलवीऊ सिंचाई लगायतका विषयमा आवश्यक कार्यविधि बनाई अनुदान दिन सक्ने छ ।
- परम्परागत कृषि पेशालाई व्यवसायिक कृषि तर्फ विकसित गर्न क्षमता अभिबृद्धि तालिम कार्यक्रम, कृषि औजार उपकरण (मिनि टिलर/हाते ट्याक्टर, मकै छोडाउने मेसिन) तथा प्रविधि प्लाष्टिक घरमा तरकारी खेती, टि.पि.एस.बीउ आलु खेती हस्तान्तरण, सोलार ड्रायर जडान, सुधारीएको चुलो र प्रयोगलाई प्रोत्साहित गरिने छ ।
- मेसिन, औजार, किटनासक औषधी, मल, वीउ आदी सामाग्रीहरुको खरिदमा उपभोक्ताहरुको साझेदारी अनिवार्य गरिने छ ।
- माटो परीक्षण गरी प्रतिवेदन अनुसार अम्लीय माटो सुधारको लागि ठोस कार्यहरु गरिने छ ।
- नगरमा सक्रिय कृषक समुह पहिचान गरि कुनै एक समुहमा कृषक पाठशाला संचालन गरी कृषकहरुले गरिदै आएका परम्परागत र नविनतम उन्नत खेती प्रविधि बिचको फरकलाई नतिजा प्रर्दशन मार्फत सीप तथा क्षमता अभिबृद्धिमा जोड दिने कार्यक्रम ल्याउने नीति लिइनेछ ।
- साना किसान, महिलाद्वारा सञ्चालित कृषि समूह सहकारी, लक्षित वर्ग, क्षेत्र र समुदायका परिचय पत्र प्राप्त कृषकहरुलाई आत्मनिर्भर बनाउन तथा रोजगारीको सिर्जना गर्नकालागि तरकारीका उन्नत जातका बीउविजन मल, कीटनासक औषधी सहीतको विशेषज्ञको सेवा, सिँचाईको सुविधा उपलव्ध गराउने नीति लिइने छ ।
- नगरपालिका भित्र रोगको प्रकृति हेरी आवश्यकता अनुसार पशु स्वास्थ्य र रेविज सम्बन्धि शिविर संचालन गरिने छ
- प्राङ्गारिक (अर्गानिक) तरकारी उत्पादनमा नगरका तिन वटा वडाहरुमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- तरकारी पकेटक्षेत्र रहेका स्थानहरुमा स्प्रिङकल सिचाईको व्यवस्था गरिने छ ।
- प्लाष्टीक पोखरी लगायत बैकल्पिक सिचाईका प्रविधि मार्फत सिचाइको व्यवस्था गरिने छ ।
- तरकारी तथा फलफूलका लागि सिँचाइको अभाव भएका स्थानमा थोपा सिंचाई कार्यक्रम नमूनाका रुपमा लागू गरिने छ ।
- परेवा खोला आलुवारी सिंचाई, कातिके कुलो, छिपुवा खोला बाहुनडाँडा सिंचाई, सुबेदि कुलो सिंचाई, डडुवा सिंचाई, खोपिबारी सिंचाई, ढाडखोला बिसौने सिंचाई योजनालाई यसै आर्थिक बर्षमा सम्पन्न गरिनेछ ।\
- यस नगर क्षेत्र भित्रका कृषकहरुको वालीनाली संरक्षण गर्ने उदेश्यले रास्ट्रिय आविस्कार केन्द्र मार्फत जंगली जनावरको आतंक रोक्न आवश्यक उपकरणहरु खरिद गरी वितरण गरिने छ ।
- मेयर सँग कृषी कार्यक्रम कार्यविधि बनाई संचालन गरिने छ ।

## ३. पर्यटनः

यस नगर क्षेत्रभित्रका सम्भाव्य पर्यटकीय गन्तव्य स्थलमध्ये नगरपालिका तथा नयाँ शहर आयोजना कार्यालय बसन्तपुरको सहयोगमा चो?लुङ्ग पार्क बसन्तपुर र युमा संग्रहालयलाई प्रभावकारी ढंगले सञ्चालन गरी प्रचार प्रसार गरिने छ । त्यस्तै, आर आर गार्डेन, तीनजुरे डाँडा, मार्ग पोखरी, पटेक डाँडा, पात्ले पोखरी, रातपोखरी, तीनछाँगे लम्बु झरना, सोल्मा चिया बगान, कैलास हिल, शिवथान गुफा, बोक्रे डाँडा, तीनछाँगे झरना, याखुजङ ओढार, छेच्छेरेम्बा झरना आदि स्थानहरुमा पूर्वाधार निर्माण गरी पर्यटनलाई आन्तरिक आयको मुख्य स्रोतको रुपमा विकास गरिनेछ ।नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक/सांस्कारिक र पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्ने, नयाँ पर्यटकीय स्थलहरुको खोजी, पहिचान र विकास गर्ने र त्यस्ता स्थलहरको लगत संकलन गरी एकीकृत पर्यटकीय क्षेत्र समेट्ने गरी वृत्तचित्र निर्माण गर्ने कार्य सम्पन्न गरिने छ ।

- पर्यटकीय क्षेत्र र सस्कृतिलाई होमस्टेसँग आबद्द गर्नका लागि आवश्यक कार्यहरु गरिने छ ।
- नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न जात-जाती र भाषा भाषीहरुको धर्म र संस्कृतिको संरक्षण गर्न आवश्यक नीति र कार्यक्रमहरु तयार गरी लागू गरिने छ । जातजातिका संस्कार/संस्कृतिहरुलाई जीवन्त राखी भावी पुस्ताहरुलाई हस्तान्तरण गर्न सकियोस भन्ने मनसायले वृत्तचित्रहरू निर्माण गरिने छ ।
- सहरको सौन्दर्यकरणका लागि सार्वजनिक तथा व्यक्तिगत जग्गामा फूलका विरुवा लगाउने कार्यलाई प्रोत्साहित गरिने छ ।
- चो?लुङ पार्क तथा युमा संग्रहालयलाई स्वायत्त बनाई जैविक विविधताको अध्यायन गर्न र जातिय संस्कृतिको अध्यायन गर्ने थलोको रुपमा बिकास गरिने छ ।
- नयाँ पर्यटकीय गन्तव्य स्थलहरु खोजी पहिचान तथा संरक्षण गरिने छ ।
- यस नगरभित्र रहेको अख्खई आदिम गुफालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ ।
- लालीगुराँस नगरपालिका पर्यटनको दृष्टिकोणले आकर्षणकको केन्द्रबिन्दु रेहेको छ।पर्यटकको आकर्षणको लागि सामुदायिक सुचना केन्द्र स्थापना गरिनेछ ।
- तीनजुरे डाँडा देखि मार्गा पटेक डाँडा सम्म पशुपंक्षी मार्ग, २८ प्रजातिका गुराँस देखिने गरि गुराँस पद मार्ग (Rhododendron Street), वडा नं २ को प्रगतिटोल देखी टुटे देउराली सम्म ब्याम्बो स्ट्रिट (Bamboo Street) ,चो?लुङ पार्क जाने वाटोमा अर्किड स्ट्रिट (Orchid Street) बनाउन यस आ.व. वाट विषश कार्ययोजना निर्माण गरी काम अघाडी बढाईनेछ ।
- चो?लुङ पार्क, तीनजुरे डाँडा गुफा पोखरी, मेन्छ्यायम डाँडा, वसाङ्लुङ(गिद्धे पहरा), फक्ताङ्लुङ(कुम्भकर्ण) हुँदै कञ्चनजंघा क्षेत्रमा पाईने वनस्पती, चराचुरुङ्गी र जीवजन्तुहरुको अध्ययन अनुसन्धान गरी पर्यटन क्षेत्रको विकास गर्न बसन्तपुरमा पर्यटन सुचना केन्द्र स्थापना गर्न यस क्षेत्रमा पर्ने स्थानिय तह र प्रदेश सरकार संग समन्वय गरी कार्य अगाडी बढाईनेछ ।

३. <u>भाषा, संस्कृति र धर्मको संरक्षणः</u>

- विभिन्न जातजातिको भाषा, साहित्यको संरक्षण तथा प्रचारप्रसार गर्न आवश्यक कार्न्यक्रम ल्याइने छ ।
- चो?लुङ हिम, रोदीघर, साकेला पार्क निर्माण, भजन किर्तन, वालन, संगीनी, रत्यौली घर, हुडकेली नाच, सेलो नाच संबद्र्घन गर्ने जस्ता कार्यक्रम ल्याइने छ
- सामुदायिक पुस्तकालयको स्तरोन्नती गरिनेछ ।
- जातिगत पाश्र्वचित्र प्रकाशनमा ल्याइने छ ।
- भाषा लिपी भएका जातीहरुको भाषामा सरकारी कामकाज संचालन गर्ने निति लिइने छ ।
- नागरिकहरुको धार्मिक स्वतन्त्रताको सम्मान गर्दै विभिन्न जातजातिको आस्था/विश्वास/धर्मको संरक्षण गरिने छ ।
- लोपन्मुख धर्म संकृतिको संरक्षण र संबर्धनमा जोड दिईनेछ ।

- चोलुङ पार्कमा लिम्बु जातिहरुको भाषा संस्कृतीलाई जिवन्त राख्न मुन्दुम प्रशिक्षण कार्यक्रम संचालन गरिने छ ।
- नाटक,अभिनय, नृत्य, गायन क्षेत्रको प्रशिक्षण कार्यक्रम संचालन गरिने छ ।
- विभिन्न जातजातीहरुको घुम्ती सचेतना कार्यक्रम संचालन गरिने छ ।

४. **लघु उद्यम विकास कार्यक्रमः**

- मेड्पा मोडलमा आधारित नयाँ लघु उद्यमी सृजना गरिने छ ।
- हाल गरिरहेका उद्यमीहरुको स्तरोन्नती गरिने छ ।
- उद्यमीहरुलाई ध्यानमा राखि साझा सुविधा केन्द्र स्थापना गरिने छ ।
- औद्योगिक ग्राम स्थापना गरिने छ ।
- उद्यमीहरुलाई आवश्यकता, क्षमताका आधारमा प्रविधि हस्तान्तरण गरिने छ ।
- नगरपालिकाभित्र एक कोसेली घरको स्थापना गरिने छ ।

५. **भौतिक पूर्वाधारः**

- यस आ.ब. देखि प्रारम्भ हुने गरि नगर कार्यपालिकाको प्रशासनिक भवन बनाउन सुरु गरिने छ।
- आफ्नै भवन नभएका वडा कार्यालयहरुको भवन बनाउन पहल गरिने छ।
- नगरपालिकाको विकास योजना तर्जुमा गर्दा समूदायमा आधारित रही सहभागिता मुलक योजना तर्जुमा प्रकृया अवलम्वन गरिने छ ।
- वडा केन्द्रसम्म जोड्ने सोलिङ नाली सहितको व्यवस्थित सडक निर्माण गर्ने कार्यलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने छ ।
- यस आ.व. मा प्रदेश सरकार र संघिय सरकार संग समन्वय गरी सडक निर्माण कार्यक्रम अघाडी वढाईनेछ ।
- आयोजनाहरुलाई पारदर्शी वनाउने उदेश्यले नगरपालिका भित्र सञ्चालन हुने रु. ५ लाखभन्दा बढी लागतका योजनाहरुमा अनिवार्य रुपमा आयोजनाको विवरण उल्लेख भएको सूचना पाटी टाँस गर्नुपर्ने ब्यवस्था गरिने छ ।
- नगरपालिकाबाट सञ्चालन हुने पूर्वाधार निर्माणसँग सम्वन्धित कार्यको गुणस्तर कायम गर्न अनुगमन, सुपरीवेक्षण र मूल्यांकन कार्य थप व्यवस्थित गरिने छ । सो का लागि आवश्यक पर्ने ल्याब तथा औजार उपकरणहरु नगरपालिका भित्र स्थापना गरिनेछ। योजनाको अन्तिम भुक्तानी गर्नु पूर्व सार्वजनिक परीक्षण, काम शुरु हुनुभन्दा अगाडि र काम सम्पन्न भएपछिको अवस्था झल्काउने फोटाहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
- सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालन गरिने सवै प्रकारका विकास निर्माण तथा सेवा प्रकृयामा वातावरण संरक्षण तथा प्रर्वद्धनमा विशेष जोड दिइनेछ । सार्वजनिक सडकको दाँया बाँया वृक्षारोपण गरिने छ ।
- नगरपालिका भित्र पहिचान भएका महत्वपूर्ण सडक सञ्जालहरुको आवश्यक मापदण्डहरु तयार गरी उक्त सडकहरुको निर्माण गर्न केन्द्र सरकार तथा प्रदेश सरकार र अन्य दात्रि संघ/संस्थाहरुसँग सहकार्य गरिने छ ।
- नगरपालिका भित्रका सडक तथा अन्य आयोजनाहरुको नगर सडक यातायात गुरुयोजना तयार गरिने छ साथै नगर भित्रका सडकहरुलाई मार्कीङ (Chainage) निर्माण गरिने छ।
- नगरपालिकाबाट नगर भित्र सञ्चालन हुने सबै प्रकारका कार्यक्रम तथा आयोजनाहरुको प्रथम चौमासिक अवधिभित्र ड्रइङ, डिजाइन, लागत इष्टिमेट लगायतको कार्य सम्पन्न गरिसक्ने गरी प्राविधिक कर्मचारीहरु परिचालन गरिने छ ।
- प्राविधिक कर्मचारीहरुलाई अत्यावश्यक सवै प्रकारका भौतिक सामग्रीहरु, मौद्रिक उत्प्रेरणासमेत उपलव्ध गराई बर्षै भरी फिल्ड खटाइने छ ।
- प्रस्तावित रिङरोडलाई नगरपालिकाको गौरवको आयोजनाको रुपमा लिँदै आ.व. ०७९/०८० भित्र पक्की नाली सहितको सडक निर्माण सम्पन्न हुने अपेक्षा सहीत आयोजना सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार तथा सरोकार पक्षसँग समन्वय र सहकार्य गरिने छ ।

- ट्र्याक खोली सकिएका सडकहरुमा बार्है महिना यातायात सञ्चालन हुन सक्ने गरी स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।
- सडक सोलिङ,ग्राभेल तथा अन्य निर्माण कार्य गर्न नगरपालिकाको एक्साभेटर र व्याकहु-लोडरको अधिकतम उपयोग गरिने छ ।
- इन्धनको बढ्दो मुल्यलाई दृष्टिगत गर्दै नगरका शहरी इलाकामा विद्युतिय सावारी साधनलाई आवश्यक विद्युतिय चार्जिङ स्टेसनहरु निर्माण गरिने छ ।
- नयाँ शहर आयोजना मार्फत निर्माणधीन बसन्तपुर बसपार्क निर्माण कार्य र सडकहरु समयमा सम्पन्न गर्नका लागि आवश्यक सहजीकरण गरिने छ ।
- नयाँ शहर आयोजना मार्फत  यस आ.ब. मा बसन्तपुरमा ल्यण्ड फिल्ड साईट निर्माण कार्य सञ्चलन गरिनेछ ।
- वार्ड नं. ८ मा पिङ्बाखोला हात्तिआल खानेपानी योजना र बसन्तपुरमा एकिकृत जग्गा बिकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- नयाँ शहर आयोजना मार्फत सोल्मा काँडे देखि दाँगपा हुँदै बसन्तपुर रिङ्गरोड सडक निर्माण कार्य गरिनेछ।
- आगामी आ.व.मा नगर क्षेत्र भित्र सिटी हल, कभर्ड हल, खेल मैदान निर्माण, फोहोर मैंला व्यवस्थापन केन्द्र निर्माण लगायतका पूर्वाधार निर्माणका कार्यलाई निरन्तरता दिइने छ ।
- सामुदायिक भवन,होमस्टे सञ्चालनका लागि आवश्यक भवन,मन्दिर,गुम्बा,रोधिघर,चो?लुङ हिमनिर्माण धार्मिक तथा सांस्कृतिक आस्था प्रति सम्मान गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- गरिबि निवरणका लागि लघु उद्यम बिकास कार्यक्रम मार्फत साझा सुबिधा केन्द्र स्थापना गरिनेछ ।
- आगामी आ.व.मा योजना सञ्चालन गर्दा १० लाख भन्दा बढीको लागत भएको योजना ठेक्का प्रक्रियाबाट सञ्चालन गर्न प्राथमिकता दिइने छ ।
- सरकारी सार्वजनिक ऐलानी पर्ति जग्गाहरु पहिचान तथा संरक्षण गरिने छ । त्यस्ता जग्गाहरुमा नगरपालिकाले उपयुक्त नीति अवलम्बन गरी उपयोग गर्ने छ ।
- आगामी आ.व. को प्रथम चौमासिक अवधिभित्र उपभोक्ता समिति गठन कार्य समाप्त गरी सवै वडा कार्यालयहरुमा पुगी उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण तालिम दिइने र सामान्यतया तालिम नलिएका व्यक्तिहरुसँग सम्झौता गरिने छैन ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा नगर सभा/नगर कार्यपालिकाको स्वीकृति लिनु अनिवार्य हुनेछ ।
- योजना सञ्चालनको उपभोक्ता समिति गठन गर्दा मुख्य पदमा वस्ने व्यक्तीहरु दुई आर्थिक बर्ष भन्दा वढी समितिमा बस्न नपाउने नीति अवलम्वन गरिनेछ
- सामान्यतया नगर सभाबाट पारित भएका योजना तथा कार्यक्रमहरु नामसारी, ठाउँसारी, रकमान्तर गरिने छैन तर त्यस्ता योजना तथा कार्यक्रमहरु नामसारी, ठाउँसारी वा रकमान्तर नगरी सञ्चालन गर्न कठिनाई भएमा कारण सहित हिउँदे नगर सभाले उक्त कार्य गर्न सक्नेछ ।
- बिशेष कारणवस हिउँदे सभापछि नामसारी ठाउँसारी तथा योजना परिवर्तन गर्नुपर्ने अवस्था भएमा कार्यपालिकाले एउटा योजना तथा कार्यक्रमलाई एकपटक मात्र संशोधन गर्न सक्नेछ ।
- पिछडिएको वर्ग समूदाय र जातजातीलाई श्रममूलक रोजगारीमा प्राथमिकता दिएर काम लगाइने छ ।
- नगरपालिका भित्रका सडकका किनाराका सार्वजनिक जग्गाहरु मालपोत कार्यालय, नापी कार्यालयसँग समन्वय गरी लगत कट्टा गरिने र नगरपालिकामा आम्दानी बाँधी नगरपालिकाको स्वीकृति नलिई कसैले पनि भोग चलन गर्न नपाउने व्यवस्था गरिने छ ।

- नगरपालिकाको दीर्घकालिन विकासका लागि नगरपालिकाको श्रोतले भ्याउन नसक्ने केन्द्रीयस्तरका आयोजनहरुको लागि केन्द्रमा र प्रदेश स्तरका आयोजनाहरुको लागि प्रदेश सरकारमा आवश्यक समन्वय गरिने छ ।
- वडास्तरीय भेलाबाट प्राथमिकतासहित माग भै आएका र यस आ.व. को बजेटमा समावेश गर्न नसकिएका कार्यक्रमहरुलाई नगरपालिकाको योजना बैंकमा समावेश गरी आगामी आ.व.को वजेट निर्माण गर्दा प्राथमिकता क्रममा राखिने छ ।
- यस आ.व. मा सम्झौता तथा काम सुरु भई विभिन्न कारणले कार्य सम्पन्न हुन नसकी आगामी आ.व.मा कार्य सम्पन्न तथा भुक्तानी हुने गरी दायित्वसहित सारिएका योजनाहरुको म्याद आगामी असोज मसान्तसम्म मात्र कायम रहने छ । दायित्व सरेका योजनाहरुकोसम्पूर्ण कार्य सम्पन्न गरी असोज मसान्तसम्ममा फरफारक लिई सक्नु पर्नेछ ।

## ६. <u>सामाजिक बिकासः</u>

### <u>स्वास्थ्य:</u>

- प्राथमिक स्वास्थ्य केन्द्र वसन्तपुरलाई १५ शैयाको अस्पतालको रुपमा विकास गरी विज्ञ डाक्टरको सेवा सहित चौबिसै घण्टा सञ्चालन गर्नका लागि नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य गरिने छ । यस नगरभित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरुको सेवाको स्तर वृद्धि गरिने छ साथै वडा नं.१, ३, ७ र ९ मा सञ्चालित आधारभूत स्वास्थ चौकीहरु न्यूनतम स्वास्थ्य सुविधासहित सञ्चालन गरिने छ ।
- वडा नं ४ रहेको स्वास्थ्य चौकीको भवन निर्माणको लागी पहल गरिनेछ ।
- यस नगरको वडा नं. ७ गणेश आ.वि आसपास र वडा नं ४ को चम्फुलामा आधारभुत स्वास्थ्य केन्द्र स्थापना गर्न पहल गरिने छ ।
- स्वास्थ्य सेवाका रिक्त पदहरुमा आवश्यकतानुसार विज्ञापन गरी पदपूर्ति गरिने छ ।
- प्रत्येक वडा कार्यालयबाट सहज आधारभूत सेवाप्रदान गर्नका लागि नियमित स्वास्थ्य सेवा उपलव्ध गराइने छ ।
- सबै स्वास्थ्यचौकीहरूमा बर्थिङ सेण्टर स्थापना गर्ने नीति लिइएको छ ।
- नगरवासीहरुले सहज एवम् सुलभ रुपमा स्वास्थ्य सेवा प्राप्त गरुन भन्ने उद्देश्यले प्राथमिक स्वास्थ्य केन्द्र बसन्तपुरमा स्वास्थ्य सम्बन्धी मेडिकल उपकरणहरु (डिजिटल एक्स-रे, भिडियो एक्सरे, इसीजी मेसिन, आँखा उपचार केन्द्र, इलेक्ट्रोलाइट एनालाइजर, प्रसुती गृहमा आधुनिक उपकरणहरु जडान लगायतका अत्यावश्यक स्वास्थ सामग्री) खरिद तथा व्यवस्थापन गरी सेवाप्रवाहलाई सहज बनाइएको छ । आगामी आ.व.मा थप सेवा सुविधा थप गर्दै लगिने छ ।
- विभिन्न सरकारी, सामुदायिक अस्पताल तथा संघ/संस्थाहरुसँग मिलेर स्वास्थ्य जोखिममा परेका वालवालिका, महिला, जेष्ठ नागरिकहरुका लागि निदानात्मक, उपचारात्मक तथा निरोधात्मक स्वास्थ्य सेवा कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- योग्य अनुभवी चिकित्सक र अत्याधुनिक उपकरणद्वारा आँखा उपचार, महिला स्वास्थ्य सेवा, हाडजोर्नी तथा दाँतको उपचारमध्ये केही स्वास्थ्य सेवाहरु सहितको सिविर सञ्चालन गरिने छ ।
- आयुर्वेद चिकित्सा प्रणालीको विकास, विस्तारका लागि समुदाय, विद्यालय आयुर्वेद र योग शिक्षा कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरि प्रचारप्रशार, औषधीसहित विज्ञ-विशेषज्ञहरु झिकाई कार्यपालिकाले तोकेको स्थानमा शिविर सञ्चालन गरिने छ । आयुर्वेदिक औषधीको रुपमा प्रयोग हुने जडिबुटीहरु बारे कम्तिमा एकपटक परिचयात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- आयुर्बेद योग चिकित्सा प्रणालिको बिकास गर्न लसुने केन्द्रको शाखा बसन्तपुर बजरमा स्थापना गरिनेछ ।
- नगरवासीहरुलाई स्वास्थ वीमा गर्न प्रोत्साहित गरिने छ ।
- धामी झाक्रीहरुको भेला गरी प्राथमिक स्वास्थ्य सेवाबारे न्यूनतम जानकारी उपलव्ध गराइने छ ।
- महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई प्रोत्साहित गरिने छ ।
- फोहोर मैला सरसफाई तथा व्यवस्थापनका लागि सहर तथा टोल—टोलमा सरसफाई कार्यक्रम सञ्चालन, नियमित फोहोर संकलन र व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- पोषण सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

- नगर स्वास्थ्य ऐन, नियमावली तथा कार्यविधिहरु निर्माण गरी सोही बमोजिम स्वास्थ्य सम्बन्धी गतिविधिहरु सञ्चालन गरिने छ ।
- नगर भित्र एकीकृत एम्बुलेन्स सेवा संचालनको ब्यवस्था मिलाइनेछ ।
- मदिरा तथा सुर्तिजन्य पदार्थको सेवनबाट हुने हानि नोक्सनी वारे सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

**<u>शिक्षा तथा खेलकुदः</u>**

- हाम्रो शिक्षाप्रणालीलाई व्यापक सुधार गर्नको लागि सबैलाई गुणस्तरीय शिक्षा दिलाउने हाम्रो प्रमुख लक्ष्य रहनेछ । जसको लागि 'रट्ने र घोक्ने' खालको सिकाई परम्परालाई निरुत्साहित गर्दै बालबिकास देखि माध्यामिक तहसम्म प्रविधिमैत्री शिक्षण र प्रयोगात्माक अभ्यासलाई प्रोत्साहन गर्दै ब्यवहारीक जीवनोपयोगी शिक्षामा जोड दिइने छ ।
- सम्बन्धित विषयविज्ञ तथा सरोकारवालाहरुको राय सुझाव समेतलाई आधार मानी स्थानीय शिक्षा ऐन एवम् नगर शिक्षा नीतिलाई समयानुकुल संशोधन गरी कार्यान्वयन गरिने छ ।
- यस नगर भित्रका प्रत्येक वडाको एक एक वटा सामुदायिक विद्यालयलाई नमुना विद्यालय बनाई शैक्षिक गुणस्तर अभिबृद्धी सम्वन्धी कार्यक्रम वनाई चरणबद्ध रुपमा लागु गरिने व्यवस्था मिलाइने छ ।
- सामुदायिक विद्यालयहरुको स्व-मुल्याङ्कन प्रणाली लागु गरिने छ । प्राप्त स्वमुल्याङ्कन नतिजा मार्फत गुणस्तरीय शिक्षा प्रदान गर्नेमध्ये उत्कृष्ट विद्यालय र उत्कृष्ट शिक्षक घोषणा गरी पुरस्कृत गर्ने तथा अनुदान दिने नीति अवलम्वन गरिने छ ।
- नगर क्षेत्रको सामुदायिक विद्यालयबाट कक्षा १२ को उतीर्ण परीक्षा, एस.ई.ई र आधारभुत तह उतीर्ण परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने एक-एक जना छात्र र छात्रालाई सम्मान गरी पुरस्कृत गरिने छ ।
- नगरस्तरीय खेलकुद विकास समिति मार्फत खेलकुद क्षेत्रको विकास एवम् प्रवद्र्धन सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ । ब्याडमिन्टन, फुटवल, भलिवल, टिटि लगायतका खेलहरूको प्रोत्साहन गरिनेछ ।
- प्रत्येक वर्ष मेयर कप फुटवल, भलिबल, व्याडमिन्टन खेलकुद प्रतियोगिता संचालन गरिने छ र उक्त प्रतियोगिता संचालनको लागि उचित बजेट व्यवस्थापन गरिने छ ।
- विद्यालय पहुँचभन्दा बाहिर रहेका, बीचैमा कक्षा छाड्ने वालवालिकालाई विद्यालय पुनः विद्यालयमा फर्काउनका लागि अभिभावक शिक्षा मर्फत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- बिद्यालयको बिद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दीको लेखाजोखा गरि दरबन्दी मिलान गरिने छ ।
- बसन्तपुर, लसुने ,मंगलबारे र दाँगपमा पुस्तकालयलाई समय सापेक्ष स्तरोन्नति गरिने छ ।
- लालीगुराँस नगरपालिकाको भौगोलिक, जातिय, पर्यटकीय र सांस्कृतिक बिषयलाई समेटि स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ ।
- आदिवासी जनजातीहरुको परम्परागत ज्ञानलाई बोध गराई वौद्धिक सम्पतिको अधिकारलाई प्रयोगमा ल्याउने नीति अवलम्बन गरिने छ ।
- बालबालिकाहरुको अन्तर्निहित क्षमताको बिकास गर्ने उदेश्यले विद्यालयस्तरमा नियमित अतिरिक्त कृयाकलाप संचालन गर्ने व्यवस्था मिलाइने छ
- सबै सामुदायिक आधारभुत विद्यालयहरुमा इन्टरनेटको व्यवस्था कम्प्युटर कक्षा सिकाईको व्यवस्था मिलाइने छ ।
- बसन्त बहुमुखी क्याम्पसलाई विद्यार्थीको आकर्षण केन्द्रको रुपमा स्थापित गर्न आवश्यक सहजीकरण गरिने छ ।
- बसन्त बहुमुखी क्याम्पसको भवन निर्माणको लागि उचित बजेटको व्यवस्थापन गरिने छ ।
- शिक्षकहरुको पेशागत दक्षता र क्षमतालाई विकास गर्न विभिन्न चरणका तालिम प्याकेज संचालन गर्नका साथै अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ ।
- यस लालिगुराँस नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक कार्य गरिने छ ।

- विद्यालयको अनुगमन निरीक्षण गरि आवश्यक पृष्ठपोषण प्रदान गरिने छ ।
- यस नगर क्षेत्रमा रहेको प्राविधिक धार अन्तरगत कृषि बिषय अध्यापन हुने बसन्त माध्यमिक विध्यालयलाई भैतिक तथा शैक्षिक गुणस्तरमा सुधार गर्दै लागिने छ । साथै ईन्जिनियरीङ र आ.ई.टी विषयलाई नगरभित्रका अन्य दुई माध्यमिक विद्यालयमा प्राविधिक धारको रुपमा (TSLC) स्थापना गर्न विषेश पहल गरिने छ ।
- सामुदायिक विद्यालयका प्राथमिक तहमा अध्ययनरत बालबालिकालाई दिवा खाजा कार्यक्रम र विद्यार्थीहरुको लागी किशोर- किशोरी सचेतना कार्यक्रम संचालन गरिने छ ।
- यस नगर भित्रबाट प्राविधिक विषयको उच्च शिक्षा (डाक्टर, पाइलट, इन्जिनियर आदी) अध्ययन गर्ने जेहनदार छात्र छात्राहरुलाई उचित अनुदानको व्यवस्था गर्ने नीति लिइने छ ।

<u>युवा सम्बन्धि नीतिः</u>

- लालिगुराँस नगरपालिकाका सबै वडाहरुमा युवाक्लब गठन गरी विपद व्यवस्थापन, स्वयंसेवकीय कार्य र सामाजिक जागरणका अभियानहरुमा परिचालन गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत वेरोजगार युवाहरुलाई रोजगारको अवसर सृजना गरिने छ ।
- वैदेशिक रोजगारीबाट फर्केका र अन्य वेरोजगार युवाहरुलाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालीम प्रदान गरी नगरपालिकाको सिफारिसमा वैंक तथा वित्तीय संस्थाहरूबाट सहुलियतपूर्ण कर्जा प्राप्तिका लागि सहजीकरण गरिने छ।
- कृषि, पशुपालन तथा पर्यटनका क्षेत्रमा स्वरोजगार र रोजगारीका थप अवसरहरुको सृजना गरिने छ ।
- वसन्त बहुमुखी क्याम्पसँग समन्वय गरेर स्नातकतहमा अध्ययनरत विद्यार्थीहरूको उपयुक्त समय मिलाई नगरपालिकाको विभिन्न विषयको सूचना संकलन लगायतको कार्यमा परिचालन गरिने छ ।
- युवाहरुलाई उद्यमशीलता र नेतृत्व विकास सम्वन्धि तालिम सञ्चालन गरी विभिन्न रोजगारीमुलक कार्यक्रमहरूमा सहभागिताको अवसर उपलब्ध गराइने छ ।
- राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरूमा अव्वल ठहरिएका यस नगरपालिकाका युवाहरुलाई प्रोत्साहित एवम् सम्मानित गरिने छ ।
- युवा सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनका सन्दर्भमा सरोकार तह र निकायहरूसँग आवश्यक समन्वय गरिने छ ।
- वालविवाह, जातीय भेदभाव दाइजो प्रथा वोक्सी प्रथा उन्मुलन, छोरीलाई विद्यालयमा पठाउने लगायतका सकारात्मक कार्यहरूको प्रचार प्रसारका लागि युवाहरूलाई परिचालन गरिने छ । यस्तो कार्यमा खटिएका युवाहरूलाई नगर कार्यपालिकाले कार्यविधी निर्माण गरी खाना, खाजा र अन्य आवश्यक सामग्रीहरू उपलव्ध गराउन सक्ने छ।
- गरिबि निवारणका लागि लघु उद्यम कार्यक्रम मार्फत बिपन्न, गरिब, दलित तथा पिछडिएका समदायका युवाहरुलाई छोटो अवधि र लामो अवधिको सिपमुलक तालिम प्रदान गरिनेछ।
- युवाहरुलाई आकर्षित गर्न विभिन्न प्रतियोगीतात्मक खेलकुद कार्यक्रम तथा खेलकुद प्रशिक्षण कार्यक्रमहरु संचालन गरिने छ ।
- युवाहरुलाई खेलकुद प्रति आकर्षित गर्न नगरबाट आवश्यकीय खेलकुद सामग्रीहरु वितरण गरिने छ ।

<u>जेष्ठ नागरिक सम्बन्धिः</u>

- जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- जेष्ठ नागरिकमा भएका ज्ञान, दक्षता, सिप र अनुभवको अधिकतम सदुपयोग गर्नका लागि माध्यमिक तहका बालबालिकासँग अन्तरपुस्ता सिप हस्तानतरण कार्यक्रम सञ्चालन गरिने छ ।
- जेष्ठ नागरिक दिवासेवा केन्द्र स्थापना गर्न आवश्यक कार्य गरिने छ ।
- स्थानीय स्तरमा जेष्ठ नागरिक कल्याण कोष स्थापना गरी असहाय, दुव्र्यवहारबाट पिडित जेष्ठ नागरिकहरुलाई राहत, सुरक्षा र स्वास्थ्य उपचार प्रदान गरिने छ ।

- जेष्ठ नागरिकहरुको आधारभुत हक अधिकारको संरक्षण एवम् सम्मानजनक जीवनयापन गर्ने तथा सवैबाट जेष्ठ नागरिकहरुलाई संरक्षण र प्रोत्साहन हुने कार्यक्रम सञ्चालन गरिने छ ।
- विशेष जोखिममा रहेका सडक तथा जेष्ठ नागरिकलाई लक्षित गरी पुनस्थापना कार्यक्रम संचालन गर्ने नीति लिइने छ ।
- जेष्ठ नागरिकलाई उपयुक्त समय र स्थानमा तीर्थाटनमा लगिने नीति अबलम्बन गरिनेछ ।
- व्यवसायिक रुपमा सञ्चालनमा रहेका कुनै जेष्ठ नागरिक केन्द्रहरुमा लगेर अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिने छ ।
- ८० बर्ष माथिका जेष्ठ नागरिकहरुको घर-घरमा पुगेर डाक्टरको सेवा र कोशेलीसहितको भेटघाट कार्यक्रम सञ्चालन गरिने छ ।

**<u>बालबालिका सम्बन्धि नीतिः</u>**

- बालबालिका विरुद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा,बाल विवाह वा दुर्व्यवहारबाट बालबालिका तथा किशोर-किशोरीलाई संरक्षण गर्ने,सवै प्रकारका वालश्रम न्यूनीकरण तथा निषेध गर्ने कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- किशोर किशोरीहरुमाथि हुने यौन हिंसा न्युनीकरणका लागि यौन शिक्षा तथा जनचेतनामुलक कार्यक्रमहरु गरिने छ।
- बाल अधिकार तथा बालबालिकाको अधिकार संरक्षण र सम्बद्र्धन गर्न प्रत्येक विद्यालय तथा बडास्तरीय बाल क्लब र नगरस्तरीय बाल सन्जाल गठन गर्ने ।
- किशोर किशोरीहरुलाई क्षमता तथा सिप विकासको तालिम संचालन गर्ने ।
- लालिगुराँस नगरपालिकालाई बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषणा गर्न आवस्यक पर्ने कानूनहरु निर्माण तथा पैरवी कार्यक्रम सञ्चालन गर्ने ।
- उपमेयर सँग बालवालिका कार्यक्रम संचालन गरिने छ ।

**<u>महिला सम्बन्धी नीतिः</u>**

- लक्षित समुह सहभागिता र व्यक्तित्व विकाससम्बन्धि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- संस्थागत, महिला केन्द्रित, उद्यमशिलतामा आधारित व्यवसायिक तालिम कार्यक्रम संचालन गर्ने ।
- लैगिंक मुल प्रवाहीकरण र नेतृत्व विकाससँग सम्बन्धित विभिन्न प्रकारका तालिम कार्यक्रमहरु संचालन गर्ने ।
- व्यवसायिकताका लागि मागमा आधारित दक्षता तथा सीप विकासका तालिम संचालन गर्ने ।
- लैगिंक हिंसा न्यूनीकरणका लागि न्यायिक समितिको क्षमता विकाससम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने ।
- न्यायिक समितिका कार्यक्रमहरुबारे अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने ।
- हिंसामा परेका, जोखिममा परेका वालवालिका, जेष्ठ नागरिक, महिला र असहाय विकलांगहरुको खोजी, संरक्षण, संरक्षण तथा सीप र साधनसहित समाजमा पुनस्थापना गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने ।
- लैङ्गिक हिंसा निवारण कोष सञ्चालन लाई निरन्तरता दिई लक्षित बर्गमा सहयोग पुर्याउने नीति लिइनेछ ।
- उपमेयर सँग महिला कार्यक्रम संचालन गरिने छ ।

**<u>अपांगता भएका व्यक्तिहरु सम्बन्धी नीतिः</u>**

- अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी परिचय पत्र जारी गरिने छ ।
- अपाङ्गता भएका बालबालिकाहरुलाई छात्रावृत्ति कार्यक्रम संचालन गरिने छ ।
- विशेष प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष सीप तथा क्षमता विकास सम्बन्धी तालिम संचालन गर्ने र उनीहरुले उत्पादन गरेका सामग्रीहरु विक्रिका लागि सहजीकरण गरिने छ ।
- सुस्तश्रवण भएका, दृष्टिविहिन तथा हिड्डुल गर्न नसक्ने गरी अपाङ्गता भएकालाई दैनिक जीवन संचालनसम्बन्धि तालिम र अभिभावकहरुलाई परामर्श सेवा कार्यक्रम संचालन गरिने छ ।

- विशेष प्रकृतिका अपाङ्गताको पहिचान गरि कृत्रिम अंग वितरण, सहायक सामग्री वितरण र स्वास्थ्य उपचार सेवा उपलब्ध गराइने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि एकिकृत शिक्षा, समुदायमा आधारित पुनस्थापना र व्यवसायिक तालिम संचालन कार्यक्रम गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको फरक क्षमताका आधारमा कार्यक्रमहरुमा समावेश रोजगार बनाउन सहजीकरण गरिने छ ।
- मानसिक रोगी, अनाथ, विभिन्न कारणले बाबु-आमाको साथ गुमाएका बालबालिकाहरुको माध्यमिक तहसम्मको शिक्षा सुनिश्चित गर्ने र तिनीहरुलाई जीवन निर्वाहका लागि न्यूनतम व्यवस्था गरिने छ ।
- अपांगता पुनर्स्थापना केन्द्र स्थापनाका लागि आवश्यक प्रक्रिया सुरु गरिने छ ।

**<u>लैंगिंक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी नीतिः</u>**

**(आदिवासी, जनजाति, दलित लगायत लक्षित बर्गसम्बन्धी समेत)**

- महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसायमार्फत आर्थिक रुपमा सबल बनाइने छ।
- आर्थिक सामाजिक शैक्षिक तथा सांस्कृतिक सशक्तीकरण गर्दै नगर विकासमा उनीहरुको समान सहभागिता गराउन प्रोत्साहन गरिनेछ ।
- विपन्न वर्ग र समुदायका महिलाहरुको आर्थिक श्रोत साधनमा पहुँच बढाउन आय आर्जन र महिला सशक्तिकरणका कार्यक्रमहरु संचालन तथा समूह गठनमा जोड गरिने छ ।
- दलितहरुको परम्परागत पेशा आधुनिकीकरण गर्न सहयोग गरिने छ ।
- युवाहरुलाई राष्ट्र निर्माणमा सरिक गराउन रोजगारमूलक तथा उद्यमशीलता विकास सम्बन्धी तालिम दिइने छ ।
- फरक क्षमता भएका नागरिकहरुको प्रकृति अनुरुप आय आर्जनको लागि तालिम तथा सुविधाजनक सामग्री वितरण गरिनेछ ।
- आदिवासी जनजाति, अल्पसंख्यक तथा पिछडाबर्गको सचेतना र क्षमता विकास गर्ने सीपमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- आय आर्जन तथा स्वरोजगार जस्ता कार्यक्रमहरुमा दलित, आदिवासी जनजातिहरुलाई विशेष प्राथमिकता दिइने छ ।
- जेष्ठ नागरिकहरुको अनुभवलाई संम्पतिको रुपमा स्वीकार गरि जेष्ठ नागरिकहरु प्रतिको सम्मान कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**<u>सहकारीः</u>**

- लक्षित वर्गका कृषकहरुलाई सहकारी खेती गर्न प्रोत्साहित गरी लागत अनुदानमा आधारित मेसिनरी औजार, वीउ, कीटनासक औषधी र प्राविधिक सेवामा सहजीकरण गर्ने ।
- सबै सहकारी संस्थाहरुलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) मा आबद्ध गराउने नीति लिईनेछ साथै उक्त सूचना प्रणालीलाई व्यबस्थित गराउन तालिम सञ्चालन गरिनेछ ।
- हाल सञ्चालनमा रहेका सहाकरी संस्थाहरुको अनुगमन मूल्यांकन गरि उचित पृष्ठपोषण प्रदान गरिनेछ ।
- कृषि सहकारीका सदस्यहरुको मागमा आधारित कृषक तालिम सञ्चालन गर्ने ।
- स्थानीय उद्यमीहरुबाट उत्पादित बस्तु तथा सेवाको बजारीकरणका लागि कार्यक्रम गर्ने ।
- लागत साझेदारीमा नगरपालिका भित्र कोशेली घर स्थापना र सञ्चालनमा सहजीकरण गर्ने ।
- सहकारी संस्थामार्फत उद्यम र रोजगार प्रवद्र्धनका लागि विभिन्न कार्यक्रमहरु आयोजना गर्ने ।
- चैत्र २० गते राष्ट्रिय सहकारी दिवस आयोजना गर्ने ।
- सहकारी लेखापालन, उद्यमशीलता, रणनीतिक योजना निर्माण तालिम सञ्चालन गरिने छ ।
- सहकारी सम्बन्धि अध्ययन अवलोकन भ्रमण कार्यक्रम राखिने छ ।

- सुपथ मूल्यको सहकारी पसल सञ्चालक सहकारीलाई कारोवारको आधारमा कार्यविधि बनाई अनुदान दिइने छ ।

**उद्योग तथा वाणिज्यः**

- घरेलु तथा साना उद्योगको प्रोफाइल तयार गरी उद्योगहरुको विवरण अध्यावधिक गर्ने
- उद्योग, वाणिज्यको कारणबाट सिर्जित प्रदुषण सहकार्यमा व्यवस्थापन कार्य गर्ने
- व्यापारीहरुसँग अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गर्ने
- उद्योग वाणिज्य संघको सहयोग लिई बजार अनुगमन कार्यलाई निरन्तरता दिइने छ ।
- सबै उद्योगी तथा व्यापारीहरुलाई नगरपालिकामा दर्ता हुन प्रोत्साहित गर्ने आवश्यक नीति लिईनेछ ।

**बस्ती विकास तथा शहरी बिकास**

- नगरपालिका क्षेत्र भित्र बन्ने कुनै पनि किसिमको संरचना एवम् घरहरु निर्माण गर्दा अनिवार्य रुपमा नगरपालिकाबाट अनुमति लिएरमात्र बनाउन पाउने व्यवस्थालाई कार्यान्वयन गरिने छ । यसको लागि वडा कार्यालयहरुवाट समेत आवश्यक अनुगमन तथा समन्वय गर्ने ब्यवस्था मिलाइने छ ।
- घर नक्सापास गर्न भवन निर्माण संहिता २०६० (NBC) वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७५, अनुसार भवन निर्माण कार्यविधि बनाई लागू गरिएकोले त्यसलाई आवश्यकता अनुसार संशोधन गरि पूर्ण रुपमा कार्यान्वयन गरिने छ ।
- भूकम्प प्रतिरोधी घर निर्माणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने र सिकर्मी, डकर्मी तथा निर्माण कार्यमा संलग्न कामदारहरुलाई आवश्यक पर्ने तालिम सञ्चालन गरिने छ । तालिमप्राप्त कालिगढका अभिलेख तयार गरि सूचीकृत गरिने र उनीहरुबाट मात्र घर बनाउन पाउने व्यवस्था क्रमशः लागू गरिने छ ।
- नगरपालिका क्षेत्र भित्र बन्ने सरकारी भवनहरु निर्माण गर्दा अनिवार्य रुपमा अपाङ्ग मैत्री, लैङ्गिकमैत्री हुनुपर्ने व्यवस्था लागू गरिने छ ।
- नगरपालिका क्षेत्र भित्र विभिन्न वडाहरुमा नमुना वस्ती कार्यक्रम संचालन गरिने छ ।
- नगर सडक यातायात गुरुयोजना निर्माण गरिने छ । नगरस्तरीय सडकहरु ग्रावेल तथा पिच गर्न अनिवार्य रुपमा सडकको चौडाई ६ मिटर (नाली र सेट व्याकबाहेक) हुनुपर्ने नीति लिइने छ । तोकिएको मापदण्ड नपुगी सडक पिच, ग्रावेल, खानेपानी तथा सडक बत्ती उपलब्ध नगराइने नीतिलाई निरन्तरता दिइने छ ।
- सडक दाँयाबाँया क्षेत्रमा सार्वजनिक, ऐलानी पर्ति जग्गा अतिक्रमण गरी घर टहरा निर्माण गर्न दिइने छैन । यस्तो कार्य दण्डनीय हुने छ । यदि सुकुम्बासी व्यक्ति रहेछ भने निजलाई नगरपालिकाले उचित निर्णय लिई वसोवासका लागि सहजीकरण गरिदिने छ ।
- भू-उपयोग नीतिअनुसार नगरको भू-उपयोग योजना बनाई लागु गर्दै एकीकृत वस्ती विकासलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।
- मध्यपहाडी लोकमार्ग र कोशी राजमार्गलाई बाईपास सडक निर्माण गरि बजार क्षेत्रका सडकहरुलाई नगर सडकको रुपमा व्यवस्थापन गरिने छ ।
- मध्यपहाडी लोकमार्ग, कोशी राजमार्ग र सहायक मार्गमा ढुङ्गा, गिटि, बालुवा, काठ(लकडि) आदि जस्ता निर्माण सामग्री राख्न बन्देज गराईने छ ।

**सार्वजनिक जग्गा संरक्षणः**

नगरक्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि बिशेष पहल गरिने छ । नगरक्षेत्र भित्रका ऐलानी/पर्ति जग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइने छ । ऐलानी/पर्ति जग्गाको संरक्षण र उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्न योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिने छ । सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा र घुम्तीहरुलाई नगरपालिकाले कानूनी दायरामा ल्याउन आवश्यक नीति लिइने छ ।

**सुकुम्बासी तथा अव्यवस्थित वसोबास समस्या समाधानः**

यस नगरपालिका क्षेत्र भित्रका चित्रे, बसन्तपुर र लसुनेमा वर्षौदेखि बसोबास गर्दै आएका भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासलाई व्यवस्थित बसोबासको लागि लगत संकलन गरि अध्यावधिक गरि उचित ठाउँको प्रबन्ध मिलाई यस आ.व. सम्ममा बसोबासको व्यवस्था मिलाइने नीति लिईनेछ ।

**<u>बन, बातावरण तथा विपद व्यवस्थापनः</u>**

- जैविक विविधताको अनुसन्धान अभिलेखीकरण, प्रचार प्रसार गरी समुदायको हितका लागि जलवायु परिर्वतन अनुकुल कार्यक्रम सञ्चालन गर्ने नीति लिईने छ ।
- सामूदायिक तथा सरकारी वनभित्रका नाँङ्गा डाँडाहरुमा बृक्षारोपण गर्नेको लागि विरुवाको व्यवस्थापन गरिने छ ।
- यस क्षेत्रका सामुदायिक वन उपभोक्ता समितिहरुलाई क्षमतामा अभिवृद्धि हुने गरी दिगो वन व्यवस्थापनमा जोड दिईने छ ।
- वन क्षेत्रमा उपलब्ध हुने चिराइतो, लोक्ता, अम्रिसो, कुरीलो, लौसी, वेतबाँस जस्ता विभिन्न प्रजातिका विरुवा एवं जडीबुटीलाई व्यवसायिक खेतीतर्फ उन्मूख गराउने नीति लिइने छ ।
- सामुदायिक वन उपभोक्ता समुहहरुको आर्थिक प्रणाली, विधान कार्ययोजना संशोधन लगायत समुहलाई व्यवस्थित बनाई नगरमा अभिलेखिकरण गराइने छ ।
- नेपाल सरकारले लागु गरेको वातावरण मैत्री स्थानीय शासनको प्रारुप अनुसार यस नगरपालिकाले प्राकृतिक वातावरणको संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिईनेछेछ ।
- हरितशहरको अवधारणा अनुरुप पार्क निमार्ण, विकास र प्रवद्र्धनमा जोड दिइने छ ।
- पानीका मूहान तथा पोखरीहरुको संरक्षण गरी रिचार्ज सिस्टममा ध्यान पुर्याइने छ ।
- नगरका प्रत्येक वडाहरुमा विपद पूर्व तयारी योजना निर्माण गरि कार्यान्वियन गरिने छ ।
- नगरपालिका क्षेत्रमा हुने प्राकृतिक प्रकोप र विपद व्यवस्थापन कोषलाई सञ्चालन गर्ने कानुन निर्माण गरि सञ्चालनमा ल्याईनेछ ।
- राष्ट्रिय वन क्षेत्रभित्र पूर्वाधार, सडक निर्माण, खानेपानी, खनिज, वनपैदावर, जडीबुटी आदीको उपयोग गर्नको लागि लालिगुँरास नगरपालिकाको वन ऐन, २०७६ समयानुकुल संशोधन गरी कार्यन्वयन गरिनेछ ।
- दिगो वन ब्यबस्थपन, वन उद्यमको बिकास जैबिक बिबिधताको संरक्षणको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने नीति लिईने छ।
- जैबिक बिबिधता को संरक्षण गर्न एक सामुदायिक वन एक वनउद्यान, एक पानीपोखरीको अभियान सञ्चालन गर्ने नीति लिईने छ ।
- बेरोजगारी समस्या समाधानका लागि वन जन्य उत्पादनलाई प्राथामिकतामा राखि एक पालिका एक उद्योग स्थापना गर्ने नीति लिइने छ ।
- नगर वन ऐन अन्तर्गत सामुदायिक वन, निजि वन, पारिवारिक निजि वन, धार्मिक वन, कबुलियति वन दर्ता गर्ने प्रकृया र यसका लागि आवश्यक प्राविधिक सहयोग उपलव्ध गराउने नीति अबलम्बन गरिने छ।
- बन्यजन्तुबाट हुने बालिबिनाश, चौपाय बिनाश जस्ता हानि नोक्सानी न्युनिकरणका लागि आवश्यक नीति निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।
- इन्धनको बढ्दो महंगीलाई नियन्त्रण गर्न वातावरण मैत्री विद्युतिय चुलो प्रयोगमा अनुदानको व्यवस्था गरिने छ ।

**<u>खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापनः</u>**

- स्वच्छ खानेपानीमा सबै नगरबासीको पहुच पुर्याउनेसाथै मुहान संरक्षण गरी खानेपानीको समस्याको दीगो समाधान खोजिने छ ।
- पारिवारिक सरसफाई र सामुहिक सरसफाई सम्बन्धी चेतना मुलककार्यक्रम सञ्चालन गरिने छ ।
- बजार केन्द्रबाट उत्सर्जन हुने फोहोर व्यवस्थापनका लागी उपयुक्त ल्याड फिल्ड साइटको व्यवस्था गरिने छ ।

- घर-घरबाट उत्सर्जन हुने फोहोर प्रशोधन गरी प्राङ्गारिक मल बनाउन चेतना एवम् सीपमूलक तालिम सञ्चालन गरिने छ।
- यस नगरपालिकाको वजार क्षेत्रबाट निस्कने फोहोरमैलालाई नगरपालिकाको ट्याक्टरबाट उचित ठाँउमा व्यवस्थापन गरिने छ ।
- पिंगुवा र परेवा खोलामा मुहान थपी पानी शुद्धीकरण गरी खानेपानीको अभाव पूर्ती गर्न आवश्क पहल गरिने छ ।
- नगरपालिका भित्रका विभिन्न जात जाती तथा समुदायका चिहान क्षेत्र, घाटहरु संरक्षण सुधार गरिने छ ।

**शान्ति सुरक्षाः**

- नगरबासीहरुको शान्ति सुरक्षालाई ध्यानमा राखि नगर प्रहरी थप गर्ने र मंगलबारे एवम् दाँगपामा सुरक्षा चौकी स्थापना गर्न पहल गरिने छ ।
- नगरपालिकाका महत्वपूर्ण स्थानहरुमा नेपाल प्रहरीको सहकार्यमा सिसिटिभि जडान कार्य थप गरिने छ ।
- बजार भित्र सौर्य बत्ती नभएको स्थानमा सडक बत्तीको व्यवस्था गरिने छ ।
- बाक्लो बस्ती भएको बजार भित्र आगलागी भएमा तत्काल निभाउन सजिलोको लागि सुरक्षा निकायसँग समन्वय गरी विभिन्न स्थानमा प्लाष्टिक ट्यांकीमा पानी भण्डार गरि राखिने छ ।
- सुरक्षा निकाय, ट्राफिक प्रहरी र सामुदायिक रेडियोसँगको सहकार्यमा सूचना र जागरणमूलक कार्यक्रमहरु उत्पादन तथा प्रशासरण गरिने छ ।
- सडक नाटक मार्फत शान्ति कायम गर्नका लागि जागरणमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- अवैध चोरी निकासी रोक्न तथा लागु पदार्थ दुर्व्यसनलाई कम गर्न सुरक्षा निकाय संग समन्वय गरी सचेतनाका कार्यक्रम सञ्चालन गरिने छ ।

**न्याय सम्पादनः**

- न्यायिक समितिलाई सक्षम बनाउनका लागि आवश्यक तालिम, उपकरण, पुस्तकालय, कर्मचारी आदिको व्यवस्थापन गरिने छ ।
- बस्ति तथा वडास्तरमा मेलमिलाप मेलमिलापकर्ता मार्फत छिटो, छरितो र विश्वासनीय ढंगबाट विवादका पक्षहरुलाई मेलमिलाप गर्न उपर्युक्त वातावरण तयार गरिने छ ।
- समितिबाट सम्पादन भएको न्यायिक कार्यको अभिलेखीकरण गरिने छ । यस कार्यका लागि आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापन गरिने छ ।
- हिंसामा परेका महिला पुरुषहरुको लागि नगरपालिकाले विशेष सहजीकरण र समन्वयात्मक कार्यक्रमहरु सञ्चालन गर्ने छ ।
- न्यायिक समितिले बार्षिक रुपमा सम्पादन गरेका कार्यहरु एकीकृत गरी पुस्तकको रुप दिई आवश्यकता अनुसार प्रकाशन गर्ने वा वेवसाईटमा राख्ने कार्य गरिनेछ ।

**राजश्वः**

- कर तिर्नु नागरिकको कर्तव्य हो भन्ने अनुभूति दिलाउन नगरवासीहरुसँग करदाता शिक्डा तथा घर दैलो कार्यक्रम सञ्चालन गरिने छ ।
- आगामी आ.व.को कार्तिक महिनाभित्र हालसम्मको कर तथा वक्यौता चुक्ता गर्ने नगरवासीहरुलाई विशेष छुटको व्यवस्था गर्ने कार्यक्रम ल्याईनेछ ।
- स्थानीय पसल व्यवसाय, उद्योग होटल सञ्चालकहरुलाई नगरपालिकामा अनिवार्य रुपमा दर्ता गर्न लगाइने छ ।
- यस नगरभित्र भएका अव्यवस्थित घरहरुलाई कार्यविधि वनाई अभिलेखिकरण गर्ने नीति अबलम्बन गरिने छ ।
- राजश्वबाट संकलित रकमलाई न्यायोचित ढंगले विनियोजन गर्ने नीति अवलम्बन गरिने छ ।
- नगरपालिकाको विभिन्न कार्यमा भाडाका सवारी साधनहरु प्रयोग गर्दा सूचीकृत भएकालाई प्राथमिकता दिइने र भाडा दररेट कार्यपालिकाबाट पास भए बमोजिम हुनेछ ।

**सूचना, संचार तथा प्रविधिः**

- सूचना प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्ट्रचारमूक्त र चुस्त प्रशासन, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट प्रदान गर्ने कामलाई निरन्तरता दिईनेछ ।
- नगरपालिका, वडा कार्यलय र सामुदायिक बिद्यालयहरुको लागि आवश्यक पर्ने सवै खालको सूचना प्रविधिसँग सम्बन्धित तालिम कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- बसन्तपुर चोकमा बिज्ञापन तथा सूचनाको लागी डिजिटल डिस्प्ले बोर्ड (Digital Display Board) स्थापना गरिने छ ।
- नगरको तथ्यांकलाई व्यबस्थित गर्न सफ्टवेयर मार्फत नगर प्रोफायल तयार गरिने छ ।
- यस आ.व. भित्र नगरका सम्पुर्ण वस्तिहरुमा ईन्टरनेट सेवा पुर्याउने लक्ष राखीने छ ।
- नगरको मोवाईल एपलाई सञ्चालनमा ल्याईने छ ।
- मोवाइल नेटवर्क नपुगेका स्थानमा सेवा विस्तारका लागि सम्वन्धित निकायमा आवश्यक पहल गरिने छ ।
- नगरपालिकाको सुचना र जानकारीहरुको लागि नगरपालिकाको वेवसाइटलाई निरन्तर अद्यावधिक राख्ने व्यवस्था मिलाईने छ ।
- नगरपालिकाको वेवसाइटलाई अझै प्रभावकारी वनाई अधिकतम सूचनाहरु वेवसाइट मार्फत उपलव्ध गराइने छ ।

**सुशासन, सेवा प्रवाह तथा कर्मचारी प्रशासनः**

- उच्च मनोवल नै गुणस्तरीय सेवाप्रवाहको आधार हो, तसर्थ नीति नियम कानुन वमोजिमका कार्य उच्च मनोवलका साथ सम्पादन गर्न कर्मचारीहरुलाई प्रोत्साहित र उत्प्रेरित गरिने छ ।
- कर्मचारीहरुको योग्यता क्षमता अनुभव र रुचीसमेतका आधारमा प्रमुख प्रशासकीय अधिकृतले कार्य विभाजन गरी कार्य सम्पादन जिम्मेवारी सहितको पत्र दिएर काममा लगाउने नीति लिइने छ । कुनै पनि कर्मचारीलाई पन्ध्र दिन भन्दाबढी लिखित जिम्मेवारी नदिई राखिने छैन ।
- कर्माचारीले कार्यालय समयमा अनिवार्य रुपमा सरकारले तोकेको पोषाक लगाउने नीति लिईनेछ । कर्मचारीको साथै खाजा खाने समय समेत निर्धारण गरिने छ ।
- कार्यलय, स्वास्थ्य चौकी तथा विद्यालयहरुमा ई-हाजिरी प्रणालिलाई यस आ.व. वाट अनिवार्य रुपमा लागु गरिने छ ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) का लागी नगरको संस्थागत क्षमता बढाउन सो सम्वन्धी तालिम सञ्चालन गरिने छ ।
- कर्मचारी तथा पदाधिकारी हरुको क्षमता विकास योजना निर्माण गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।
- नगर कार्यपालिकाले कार्यविधि बनाई कार्यबोझको आधारमा कर्मचारीहरुलाई थप पारिश्रमिक उपलब्ध गराईनेछ ।
- नगर कार्यपालिकाको काममा सुशासन कायम गर्नका लागि कामको उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी र जस्ता कुराहरु देखिने गरी नागरिक वडापत्र तयार गरी नगरपालिका तथा वडा कार्यालयहरुमा समेत सेवाग्राहीले देख्ने ठाउँमा टाँसिने छ ।
- नगरपालिकामा कार्यरत सबै तह र शाखाका कर्मचारीहरुलाई समय सापेक्ष क्षमता अभिबृद्धिकालागि तालिमको व्यवस्था गरिने छ ।
- यस नगर भित्र घटना दर्ता (जन्म, मृत्यू, बसाईसराई, बिबाह दर्ता र सम्बन्ध बिच्छेद) गर्न छुट भएका नागरिकहरुलाई अनिबार्य दर्ता हुन पन्जिकरण शाखा मार्फत उत्प्रेरित गरिनेछ ।
- नगरपालिकाका सूचनाहरु सर्वसाधारणले देख्न र हेर्न मिल्ने गरी सूचना पाटीमा तथा वेभसाईटमा राखीने छ ।
- नगरपालिकामा भएका सामुदायिक विद्यालयहरु, स्वास्थ्य केन्द्रहरु लगायतका निकायमा कार्यसम्पादनको निरिक्षण तथा अनुगमन गरिने छ ।
- गुनासोपेटिकालाई नियमित खोल्ने, मेल तथा अन्य श्रोतबाट प्राप्त भएका गुनासोहरु यथाशीघ्र सम्वोधन गर्ने व्यवस्था मिलाइने छ ।

- नगर कार्यपालिकाको प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरि कार्यपालिका तथा कार्यालयका सूचनाहरु संकलन तथा व्यवस्थित गरी प्रवाह गरिने छ ।
- नगरपालिकाको गतिविधिहरु नागरिकसमक्ष जानकारीका लागि बार्षिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिने छ ।
- कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कनका आधारमा पदस्थापन, बढुवा, बृत्ति विकास, पुरस्कार र सजायको व्यवस्था गरिने छ ।
- नगरकार्यपालिका र प्रत्येक वडा कार्यालयले आफूले सम्पादन गरी आएका कामकारवाही तथा सेवा प्रवाहको सम्बन्धमा कम्तिमा वर्षको १ पटक सार्बजनिक सुनुवाई कार्यक्रम संचालन गरिने छ । आयोजनाहरु सम्पन्न भए पश्चात् सार्बजनिक परीक्षणका साथै सार्वजनिक सुनुवाई गर्ने व्यवस्थालाई कडाईकासाथ लागू गरिने नीति अवलम्बन गरिने छ ।
- नगरपालिकाद्वारा संचालन हुने आयोजनाहरु जेठमसान्त भित्र सम्पन्न गर्ने गरी तोकिएकै समय, गुणस्तर एवम् मितव्ययी ढंगले पारदर्शिताका साथ सम्पन्न गर्न आवश्यक सहजीकरण गर्नका लागि आयोजनाको सम्झौताकै क्रममा एक प्रभावकारी अनुगमन समिति गठन गरिने छ ।
- आयोजना तर्जुमा, योजना सम्झौता, कार्यान्वयन, लेखा, सार्बजनिक परीक्षण, प्रतिवेदनको वारेमा उपभोक्ता समितिका सदस्य तथा नगर सभाका सबै सदस्यहरुको क्षमता विकास गर्न विशेष कार्यक्रम संचालन गरिने नीति लिइने छ ।
- नगरपालिकाको कार्य पद्धतिलाई व्यवस्थित र खर्च प्रणालीलाई पारदर्शी बनाई समग्र कार्यसम्पादन स्तरमा सुधार गर्दै सुशासनको प्रत्याभूति गरिने छ ।
- उपभोक्ताका हक हीतलाई सम्मान गर्न बजारमा स्वस्थ प्रतिस्पर्धा हुने वातावरण बनाउन सुरक्षा निकाय, नागरिक समाज, उद्योग बाणिज्य संघ र प्रेससंग सहकार्य उपभोक्ताको अधिकार संरक्षणसम्बन्धी र बजार अनुगमन लगायतका कार्यहरु नियमित संचालन गरिने छ ।
- नगर भित्र रहेका सवारी साधनहरु कार्यविधि बनाई संचालनमा ल्याइने छ ।
- नगरपालिकाबाट आर्थिक कारोबार गर्दा सेवाग्राहीहरुको सहजताको लागि इ-पेमेन्ट प्रणाली लागु गरिने छ ।

अन्त्यमा, यो नीति तथा कार्यक्रम तयार गर्ने कार्यमा मलाई प्रत्यक्ष तथा परोक्ष रुपमा सल्लाह, सुझाव दिई सहयोग गर्नु हुने नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभा सदस्य, नगरबासी विद्वतवर्ग, सुरक्षाकर्मी, पत्रकारहरु साथै सम्पुर्ण मित्रजनहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु । यो नीति तथा कार्यक्रम तथा बार्षिक विकास योजनालाई परिमार्जन गरी कार्यान्वयन योग्य बनाउनका लागि रचनात्मक सल्लाह सुझाव र प्रतिक्रिया दिनु हुन सरोकार पक्षहरुलाई विनम्रताका साथ अनुरोध गर्दछु ।
साथै विभिन्न राजनितिक दल, संघसस्था तथा विद्धत वर्गबाट प्राप्त राय सुझाबहरु समाबेश गरी समय सापेक्ष कार्यान्वयन गर्दै लगिने छ ।

धन्यवाद ।

अर्जुन मावोहाङ
नगर प्रमुख
लालीगुराँस नगरपालिका
सामुदायिक भवन, बसन्तपुर
तेह्रथुम ।

मितिः २०७९/०३/१० रोज ६ शुभम